# त्रिपुरासुन्दरी गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पिस्कर, सिन्धुपाल्चोक
## बागमती प्रदेश, नेपाल


प.स.: २०७७/०७८
च.नं :

मिति : २०७७।०६।१८

सूचना !          सुचना !!          सूचना !!!

विश्वव्यापी महामारीको रूपमा फैलिरहेको कोभिड १९ को जोखिम दिनानुदिन बढ्दै गइरहेको सन्दर्भमा नजिकिदै गरेको हिन्दुहरूको महान पर्व विजयादशमी तथा दिपावली मनाउनका लागि काठमाडौं उपत्यका लगायतका जिल्लाहरूबाट यस त्रिपुरासुन्दरी गाउँपालिकामा पाल्नुहुने सम्पूर्ण व्यक्तिहरूले नेपाल सरकारले जारी गरेको तपशिल बमोजिमका स्वास्थ्य मापदण्डलाई पालना गरि सहयोग गरिदिनुहुन सबैमा अनुरोध छ । साथै बाहिरी जिल्लाबाट यस गाउँपालिका क्षेत्रमा प्रवेश गर्नु हुने सम्पूर्ण व्यक्तिहरूले सम्बन्धित वडाका वडा अध्यक्ष ज्यूहरूसँग सम्पर्क गरी आवश्यक समन्वय गरी सहयोग गरिदिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. दुई(२) मिटरको सामाजिक दुरी कायम गरौं ,

२. मास्क अनिवार्य लगाउने,

३. २।२ घण्टामा साबुन पानीले २० सेकेण्डसम्म मिचीमिची हात धुने वा स्यानिटाइजर लगाउने,

४. रूघाखोकी तथा फ्लु जस्ता लक्षण देखापरेमा नजिकैको स्वास्थ्य संस्थामा जचाँउने,

५. काठमाडौं वा अन्यत्रबाट आएकोले १४ दिन होम क्वारेन्टाइनमा अनिवार्य बस्ने,

६. शंकास्पद लागेकाले अनिवार्य पिसिआर(PCR) जाँच गराउने,

७. भिडभाड नगर्ने वा हुन नदिने ।

भूपेन्द्र श्रेष्ठ
अध्यक्ष


फोन नं. : ०१-६२०१६६३/०१-६२०१६६२ इमेल : tripurasundarisipa@gmail.com वेवसाइट :tripurasundarimunsindhupalchowk.gov.np